## तेह्रथुम पावर कम्पनी लिमिटेडको

## छैंठौ वार्षिक साधारणसभा २०७९/०८०

यस तेह्रथुम पावर कम्पनि लिमिटेडको **छैंठौ** वार्षिक साधारणसभा कम्पनीका संचालक अध्यक्ष श्री भूपतिलाल श्रेष्ठज्यूको अध्यक्षतामा देहायको मिति,समय र स्थानमा सम्पन्न भयो। यस सभामा छलफलका लागि प्रस्तावित देहायका विषयहरु उपर छलफल गरी तपसिलबमोजिम निर्णय गरियो ।

**सधारणसभा हुने मिति, समय र स्थान:**

मिति : २०८० पौष २१ गते शनिवार ।

स्थान : वैभव पार्टी भेन्यू, बागबजार, काठमाण्डौं ।

समय : दिनको १२.३० बजे ।

**सभाको सुचना प्रकाशन**

कम्पनि ऐन २०६३ को व्यवस्था तथा कम्पनिको स्वीकृत नियमावलीको व्यवस्थाबमोजिम सञ्चालक समितिको बैठकबाट निर्णय गरि मिति २०८० मंसिर १८ र २५ गतेको आर्थिक दैनिक पत्रिकामा सार्वजनिक सुचना प्रकाशित गरिएको तथा सामाजिक सञ्जाल फेसबुक मेसेन्जरमा र कम्पनीको वेबसाइटमा समेत सुचना प्रकाशित गरि जानकारी गराइएको थियो ।

**छलफलका विषयहरु:**

१) आ.व. २०७९/८० को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।

२) लेखा परिक्षण प्रतिवेदन सहितको आषाढ ३१, २०८० को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायत वित्तिय विवरणहरु छलफल गरि स्वीकृत गर्ने सम्बन्धमा ।

३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८०/८१ का लागि बाह्य लेखापरीक्षकको नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४) कम्पनी ऐनको दफा ७८ बमोजिमको विवरण सम्बन्धमा ।

५) उपरोक्त प्रस्तावहरु स्वीकृती एवम् अभिलेखको लागि पेश गर्दा नियमनकारी निकाय वा कार्यालयबाट कुनैपनि बिषयमा संशोधन, परिवर्तन तथा कुनै पनि किसिमको निर्देशन वा कैफियत प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्ने लगायतका आवश्यक सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने बारे ।

TEHRATHUM POWER COMPANY

६)	तेह्रथुम पावर कम्पनी लि.को १:१ अनुपातमा हकप्रद शेयरजारी गर्ने सम्बन्धमा ।

७)	विविध

**क) कार्यालयको ठेगाना परिर्वतन सम्बन्धमा:**

**ख) कम्पनी सचिवको राजिनामा सम्बन्धमा:**

**सभामा उपस्थिति**

सञ्चालक समितिका पदाधिकारीहरु

| सि.नं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री भूपतिलाल श्रेष्ठ | सञ्चालक अध्यक्ष | |
| २. | श्री मोहन कुमार डाँगी | प्रवन्ध सञ्चालक | |
| ३. | श्री यादब बहादुर खापुङ्ग | सञ्चालक | |
| ४. | श्री लछुमन तिवारी | सञ्चालक | |
| ५. | श्री विमल कुमार ढुङ्गाना | सञ्चालक | |
| ६. | श्री श्रीमान् कार्की | सञ्चालक | |
| ७. | श्रीमती नविना ढुङ्गाना | स्वतन्त्र सञ्चालक | |

| | | |
|---|---|---|
| १. | स्वयम् उपस्थित हुने शेयरधनीको संख्या | १५५ |
| २. | प्रतिनिधी (प्रोक्सी) मार्फत उपस्थित हुने शेयरधनीको संख्या | १९४ |
| ३ | जम्मा उपस्थिति (पदाधिकारी समेत) | ३४९ |

**<u>सभाको वैधानिकता र सभापतित्व</u>**

कम्पनी ऐन तथा कम्पनीको स्विकृत नियमावली बमोजिम सभा बोलाईएको, कम्पनी ऐन २०६३ को दफा ७३ को उपदफा (२) बमोजिम सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयरको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने व्यवस्था बमोजिम कम्पनीको हाजिरी पुस्तिकामा हाजिर गर्ने शेयरधनिको कुल संख्या ३४९ भएको सो

मध्ये शेयरधनि स्वयम् १५५ जना भएको र प्रोक्सी मार्फतको उपस्थिति १९४ जना गरी बाँडफाँड भएको कुल शेयरको ६८.४८ प्रतिशत प्रतिनिधित्व भएको हुदाँ कम्पनीका कम्पनी सचिवले सभाको गणपुरक संख्या पुगेको र मौज्जुदा कानुनबमोजिम सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

**सभाको प्रस्तुति**

१. कम्पनीका सञ्चालक अध्यक्ष श्री भूपतिलाल श्रेष्ठज्यूले कम्पनीको हाल सम्मको प्रगति, कम्पनीले निमार्ण गरेको माथिल्लो खोरुङ्गा खोला साना जलविद्युत आयोजनाको सञ्चालन पछिको प्रगति र आर्थिक प्रतिवेदन,कम्पनीको नाफा नोक्सान हिसावकिताब,नगद प्रवाहका साथै भावी कार्ययोजनाका बारेमा संक्षिप्त रुपमा प्रकाश पार्नुभयो ।

२. कम्पनीका प्रवन्ध सञ्चालक श्री मोहन कुमार डाँगीज्यूले कम्पनीको आगामी योजना र चुनौतीका वारेमा समिक्षात्मक प्रस्तुतिकरण गर्नुभयो ।

३. कम्पनीका संस्थापक सञ्चालक श्री भवानी प्रसाद खापुङ्गले खोरुङ्गा ताङ्गमाया खोलाको निमार्ण र अवसरका विषयमा आफ्नो धारणा राख्नु भयो ।

४. कम्पनिका साधारण शेयरधनिहरुको तर्फबाट तीनजना शेयर सदस्यहरुले कम्पनीले हाल सम्म गरेका कार्यहरु सराहनिय रहेको र भावी दिनमा हकप्रद शेयर जारी गरि खोरुङ्गा ताङ्गमाया खोला जलविद्युत आयोजना २ मेगावाटको निमार्ण कार्य सम्पन्न गरि शेयरधनिहरुलाई लाभांश वितरण गर्नुपर्ने र कर्मचारी नियमावली तथा कर्मचारीहरुको वृतिबिकाशमा कम्पनीको तर्फबाट लगानी बढाउन तथा कर्मचारीलाई स्थायी नियूक्ति गर्ने सन्दर्भमा ध्यानाकर्षण गराउनु भएको थियो ।

**निर्णयहरु**

१. आगामी दिनमा कसरी नाफामुलक ढंगले अघि बढाउने भन्ने सम्बन्धमा छलफल भई कम्पनीको हाल सम्मको गतिविधी र आगामी दिनमा कम्पनीले गर्ने कार्यक्रम सहितको संचालक समितीको तर्फबाट अध्यक्ष श्री भूपतिलाल श्रेष्ठले प्रस्तुत गर्नुभएको आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदनले कम्पनीको वास्तविक स्थितिलाई प्रतिविम्वित गर्ने भएको र कम्पनीले भावी दिनमा लिनुपर्ने कार्यदिशा र मार्गचित्र समेत स्पष्ट उल्लेख भई प्रतिवेदन पेश भएको हुदाँ अध्यक्षज्यूको वार्षिक प्रतिवेदनमा उल्लेखित कार्यदिशा र मार्गचित्र अनुरुप कम्पनी सञ्चालन गर्ने गरी अध्यक्षज्यूको उक्त प्रतिवेदन जस्ताको तस्तै पारित गर्ने निर्णय गरियो ।

२. आर्थिक वर्ष २०७९/०८० को कम्पनीको हरहिसाब लेखापरिक्षण गर्न नियुक्त हुनुभएका ए पोखरेल एण्ड एसोसियट्सका लेखापरिक्षक श्री आशिष पोखरेलज्यूले तयार पारी कम्पनीमा पेश गर्नुभएको लेखापरिक्षण प्रतिवेदन अध्ययन गर्दा उक्त प्रतिवेदन कम्पनीको आन्तरीक लेखासंग मिलेकै देखिंदा सो प्रतिवेदन कम्पनीको मिति २०८० मंसिर १५ गते को सञ्चालक समितीको

बैठकबाट स्वीकृत भई यस सभासमक्ष अनुमोदनका लागी पेश गरिएकोमा सो प्रतिवेदनलाई जस्ताको तस्तै पारित गर्ने निर्णय गरियो ।

३. यस कम्पनीको आ.व. २०८०/०८१ का लागी कम्पनी ऐनको दफा ११० र १११ बमोजिम लेखापरिक्षण गराउन ए. पोखरेल एण्ड एसोसियट्सका लेखापरिक्षक श्री आशिष पोखरेललाई लेखापरिक्षक नियूक्त गर्ने र निजको पारिश्रमिक लेखापरिक्षक संग छलफल गरी कम्पनीको बोर्ड बैठकबाट निर्णय गरेबमोजिम हुने गरि निर्धारण गर्ने अधिकार प्रत्योजन गर्ने निर्णय गरियो ।

४. कम्पनी ऐनको दफा ७८ र दफा ५१ बमोजिम नियमानुसार कम्पनीले संचालकहरुलाई उपलब्ध गराएको सुविधा तथा कम्पनीको संक्षिप्त विवरण सम्बन्धी प्रस्ताव रहेकोमा संचालक समितीको मिती २०८० मंसिर १५ गते बसेको ४० औं संचालक समितीको बैठकबाट पारित गरेबमोजिमको दफा ७८ तथा दफा ५१ बमोजिमको विवरण पारीत गर्न यस सभा समक्ष पेश गरिएकोमा उक्त प्रस्ताव सर्वसम्मत परित गर्ने निर्णय गरियो ।

५. अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्तावमा यस कम्पनीको साधारण सभाको निर्णय पश्चात कम्पनी रजिष्ट्रारको कार्यालय लगायत नियमन निकायहरुमा साधारण सभाको निर्णयहरु अभिलेख गर्ने क्रममा कुनै कागजातहरु फेरबदल गर्नुपरेमा सो गर्न, कागजातहरु पेश गर्न, सच्याउन लगायत सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्यहरु गर्न यस कम्पनीको संचालक समितिलाई अख्तियारी प्रदान गर्ने तथा तथा कम्पनी ऐन २०६३ को दफा १०७ बमोजिम कम्पनी सचिव र संचालकहरुको लगत तयार गरी कार्यालयबाट प्रमाणित गर्ने निर्णय गरियो ।

६. तेह्रथुम पावर कम्पनी लि.को १:१ अनुपातमा हकप्रद शेयरजारी गर्ने पूर्व स्विकृतीका लागी मिती २०८० पौष १३ गते दिएको निवेदन बमोजिम विद्युत नियमन आयोगको मिती २०८० माघ २ गते बसेको २१९ औं बैठकको निर्णयबाट प्रस्ताव साधारण सभामा लाने पूर्व स्विकृती प्राप्त भएको व्यहोरा सभा समक्ष अध्यक्ष श्री भूपतीलाल श्रेष्ठले जानकारी गराउनु भयो ।

७. **विविध**

क. **कार्यालयको ठेगाना परिर्वतन सम्बन्धमा:**

२०८० साल श्रावण देखी यस कम्पनीको कार्यालय साविक काठमाण्डौं महानगरपालिका वार्ड नं. २८ बागबजार काठमाण्डौबाट हाल काठमाण्डौं महानगरपालिका वार्ड नं. ९ राममन्दिर मार्गवतिसपुतली काठमाण्डौमा स्थानान्तरण भएको हुदाँ उक्त स्थानान्तरणको निर्णय संचालक समितीको बैठकबाट पारित भई अनुमोदनका लागी यस सभामा प्रस्तुत भएकोमा यो सभावाट उक्त कार्यालय स्थानान्तरणको निर्णय अुनमोदन गरियो ।

ख. **कम्पनी सचिवको राजिनामा तथा नियूक्ति सम्बन्धमा:**

यस कम्पनीका कम्पनी सचिव श्री प्रेम कुमार खत्रीले मिती २०७९ साल श्रावण १ गते देखि लागु हुने गरि संचालक समिती मार्फत दिएको राजिनामा सोहि मितीबाट लागु हुने गरि यस सभाबाट स्विकृत गरियो । रिक्त रहेको कम्पनी सचिवमा २०७९ साल श्रावण १ बाट लागु हुने गरि अर्थशास्त्र विषयमा स्नातकोत्तर गर्नु भएका मोरङ्ग जिल्ला साविक गोविन्दपुर ९ निवासी श्री दिपक बस्नेतलाई नियुक्ती गर्ने संचालक समितीको निर्णय अनुमोदन गरियो ।

**विशेष प्रस्ताव:**

सञ्चालक समितिबाट स्वीकृत भई मिति २०७९/८/१८ मा प्रकाशित सूचनाबाट प्रस्ताव भएका छलफलका विषयहरु समाप्त भएको र केही थप विषयमा समेत सभामा छलफल तथा निर्णय गर्नुपर्ने विषय कम्पनीका सञ्चालक अध्यक्ष श्री भूपतिलाल श्रेष्ठबाट प्रस्ताव आएकामा सभामा उपस्थित शेयरधनी महानुभावहरुको सर्वसम्मत अनुमतिमा पेश भएका प्रस्ताव माथिका निर्णयहरु:

### १. कम्पनीको अधिकृत तथा जारी पुँजी वृद्धि गरी प्रबन्धपत्र संशोधन गर्ने सम्बन्धमा ।

खोरुङ्गा ताङ्गमाया जलविद्युत आयोजना २ मेगावाट निमार्णका लागी थप पुँजी आवश्यक पर्ने भएको हुँदा हाल कायम रहेको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्नुपर्ने भएको र सो पुँजी वृद्धिका लागी हकप्रद शेयर जारी गर्न विद्युत नियमन आयोगबाट पूर्व स्वीकृति प्राप्त भएको हुँदा प्रबन्धपत्रको दफा ६ को उपदफा (क)  (ख) र (ग) मा व्यवस्था भएबमोजिम अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि तथा आवश्यक शसोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

### २. तेह्रथुम पावर कम्पनी लि.को १:१ अनुपातमा हकप्रद शेयरजारी गर्ने सम्बन्धमा ।

खोरुङ्गा ताङ्गमाया जलविद्युत आयोजना २ मेगावाट निमार्णका लागी स्वपूँजी तथा ऋणको अनुपात परीवर्तन गर्ने तथा १ (एक) बराबर १ (एक)  प्रतिशत हकप्रद शेयर जारी गर्ने कार्य अघि बढाउन यस तेह्रथुम पावर कम्पनी लिमिटेडको संचालक समितीलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

### ग. हकप्रदबाट संकलित रकम परिचालन सम्बन्धमा ।

कम्पनीले चुक्ता पुँजीको १:१ को अनुपातमा हकप्रद शेयर निष्काशन बाट प्राप्त हुने पुँजीलाई खोरुङ्गा ताङ्गमाया खोला जलविद्युत आयोजना २ मेगावाट निमार्णका लागी उपयोग गर्ने निर्णय गरियो ।

खोरुङ्गा ताङ्गमाया जलविद्युत आयोजना २ मेगावाट निर्माणका लागी हकप्रद शेयर जारी भएपश्चात संकलन हुने रकम आयोजना निमार्णको लागी चरणवद्ध रुपमा खर्च हुने हुनाले खर्च नभई कम्पनीको बैंक खातामा मौज्दात रहँदा सम्म कम्पनीले लिएको Term Loan संग समायोजन गर्ने तथा आयोजना

निमार्णका आवश्यकता बमोजिम चरणवद्ध रुपमा Term Loan जारी गरि सोको आधारमा मात्र बैंक व्याज गणना गर्ने व्यवस्था गर्न सम्बन्धित बैंक संग समन्वय गरि आवश्यक निर्णय गर्न संचालक समितीलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

## ८. धन्यवाद ज्ञापन

यस तेह्रथुम पावर कम्पनीको छैंठौ साधारण सभाको व्यवस्थापन गर्न सहयोग गर्नुहुने सम्पूर्ण शेयर सदस्य, कम्पनीका संचालक, कर्मचारी, लेखापरीक्षकज्यू लगानीकर्त्ता बैंकहरुका प्रतिनिधी, शेयर रजिष्टार कम्पनीका प्रतिनिधी तथा कर्मचारी, पत्रकार तथा सम्पूर्ण अतिथी गणहरुले पुऱ्याउनु भएको सहयोगको लागी यो कम्पनी आभार व्यक्त गर्दै आगामी दिनहरुमा समेत यहाँहरुको सकारात्मक सहयोग तथा सुझावहरुको अपेक्षा सहित सबै उपस्थित महानुभावहरुलाई सभा अध्यक्ष श्री भूपतिलाल श्रेष्ठज्यूले धन्यवाद ज्ञापन गर्दै सभा विर्सजन गरियो